# उच्च अदालत विराटनगर धनकुटा इजलास

वर्ष १ अङ्क २ इ-बुलेटिन जेठ २०८२



सम्पर्कः- admin.hcidhankuta@supremecorut.gov.np

प्रकाशकः- उच्च अदालत विराटनगर धनकुटा इजलास

# उच्च अदालत विराटनगर धनकुटा इजलास

## सम्पादकीय: न्यायमा पहुँच र पारदर्शितातर्फ एक थप कदम

**व्यवस्थापन समुह**

मुख्य भई काम गर्ने माननीय न्यायाधीश
श्री गणेशप्रसाद बराल
माननीय न्यायाधीश
श्री देशबहादुर सार्की
माननीय न्यायाधीश
श्री पूर्णेश्वरप्रसाद उपाध्याय
रजिष्ट्रार
श्री राजकुमार दाहाल

**सम्पादन समुह**

संयोजक
इ.अ. श्री कान्तीमती निरौला
सदस्यहरु:-
इ.अ. श्री ललित कुमार वि.के
इ.अ. श्री कुवेर लिम्बू
सू.प्र.स. श्री लास्कीबाबु आचार्य

उच्च अदालत विराटनगर धनकुटा इजलासबाट प्रकाशित यस E-Bulletin को दोश्रो अंक मार्फत् हामी न्यायिक सेवालाई अधिक पारदर्शी, सुलभ र प्रविधिमैत्री बनाउने हाम्रो सतत् प्रयासलाई प्रस्तुत गर्न पाउँदा गर्व अनुभव गरिरहेका छौं। यस अंकमा हामीले न्यायिक प्रक्रियामा डिजिटल प्रविधिको उपयोग, कानूनी लेख, न्यायिक सुधारका अभ्यासहरू, कर्मचारी तथा न्यायाधीशहरूको कार्य सम्पादन सम्वन्धी छलफलका विवरणहरू, समावेश गरिएको छ। साथै, नीतिगत छलफलहरू, विविध टिप्पणीहरू, र फैसला लेखनको कार्यविधिमा तपसिल खण्डको महत्व र आवश्यकता सम्वन्धी लेख साथै वर्तमान संघीय गणतन्त्रात्मक शासन व्यवस्थामा प्रदेश सरकारको आवश्यकता तथा औचित्य सम्वन्धी लेखले यो बुलेटिनलाई अझ बौद्धिक बनाएको छ भन्ने विश्वास लिएका छौं।

नेपालको न्यायिक प्रणालीले हाल "ई-न्यायालय" (E-Court) जस्ता डिजिटल पहलहरूबाट ठूलो परिवर्तनको सुरुवात गरेको छ। उच्च अदालत विराटनगर धनकुटा इजलासले पनि केश म्यानेजमेन्ट (CMS), ई-फाइलिङ, SMS मार्फत सूचना दिने र भर्चुअल सुनवाई जस्ता सेवाहरू प्रवर्द्धन गर्दै आएको छ। यसले न्याय प्रक्रियालाई छिटो छरितो, कागजरहित र सुविधाजनक बनाउन मद्दत गरेको छ। तर ग्रामीण क्षेत्रमा इन्टरनेटको पहुँच, प्रविधिको ज्ञानको अभाव, र पारम्परिक मानिसहरूको डिजिटल डरलाई हामीले चुनौतिका रूपमा स्वीकार्नुपर्ने अवस्था छ। न्यायालय केवल विवादको समाधान गर्ने संस्था मात्र नभएर सामाजिक न्याय, विधिको शासन र मानवीय अधिकारको संवाहक पनि हो। यस उच्च अदालत विराटनगर धनकुटा इजलासको प्रयास सधैं यही मूल्यमान्यतालाई आत्मसात् गर्दै न्यायप्राप्तिको प्रक्रियालाई सरल, पारदर्शी र जनमुखी बनाउने दिशामा केन्द्रित रहँदै आएको छ। यसै प्रयासको निरन्तरता स्वरुप यो ई-बुलेटिनको दोस्रो अंक सार्वजनिक गरिएको हो।

सूचना प्रविधिको विकाससँगै न्यायिक प्रणालीलाई डिजिटल बनाउने कार्यले तीव्रता पाएको छ। अदालती कार्यसूची, फैसलाको पहुँच, पेशी व्यवस्थापन, तथा सेवा प्रवाहमा देखिएको सुधारको साक्षी आजको न्यायिक समुदाय हो। ई-बुलेटिन मार्फत हामी न्यायालयमा भएका नीतिगत, प्रशासनिक तथा न्यायिक गतिविधिहरूलाई नागरिक समक्ष पारदर्शी तरिकाले प्रस्तुत गर्ने प्रयत्नमा छौं।

हामी आशा गर्छौं कि यो ई-बुलेटिनले न्याय क्षेत्रमा कार्यरत सम्पूर्ण पक्षहरू, न्यायाधीश, अधिवक्ता, कर्मचारी, विद्यार्थी, अनुसन्धानकर्ता र नागरिकहरूका लागि उपयोगी सन्दर्भ सामग्री बन्नेछ। तपाईंहरूको सुझाव र प्रतिक्रिया यसलाई अझ प्रभावकारी बनाउने दिशामा हाम्रो प्रमुख स्रोत बन्नेछ।

# उच्च अदालत विराटनगर धनकुटा इजलास

## E-Bulletin को शुभारम्भ र सञ्चारकार्मीसँगको अन्तरक्रिया




यस अदालतको मिति २०८२/०१/ फूलकोर्टको निर्णयबाट यस अदालत र मातहत जिल्ला अदालत समेतका गतिबिधि समेटी न्याय र कानूनका क्षेत्रमा जानकारीमूलक लेख रचना समेत राखी Ebulletin प्रकाशित गर्ने निर्णय भएको थियो। सो निर्णयलाई कार्यरुप दिन मिति २०८२।०२।०२ गतेका दिन यस अदालतका माननीय न्यायाधीश, जिल्ला अदालतका माननीय न्यायाधीश, सह-न्यायाधिवक्ता, जिल्ला अदालतका स्रेस्तेदारहरु, उच्च तथा जिल्ला बार एसोशिएसन, पत्रकार महासंघ र अन्य कर्मचारी लगायतको उपस्थितिमा शुभारम्भ गरियो। कार्यक्रमको अद्यक्षता यस अदालतका मा.न्या.श्री देशबहादुर सार्कीले गर्नुभएको थियो। मा.न्या.श्री देशबहादुर सार्कीले Ebulletin को Switch थिचेर Ebulletin को शुभारम्भ गर्नुभएको थियो। उक्त कार्यक्रममा पत्रकार महासंघ धनकुटाका अध्यक्ष श्री बिदुर खवास, धनकुटा जिल्ला बार एसोशिएसनका अध्यक्ष श्री दिपक गुरागाई, उच्च सरकारी वकिल कार्यालय, धनकुटाका सहन्यायाधिवक्ता श्री शारदा राउत र धनकुटा जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री नारायणप्रसाद पराजुलीले शुभकामना मन्तव्य दिनुभएको थियो। कार्यक्रममा यस अदालत र मातहत जिल्ला अदालतले हालसम्म प्राप्त गरेका उपलब्धिको बारेमा रजिस्ट्रार श्री राजकुमार दाहालले जानकारी दिनुभएको थियो भने पत्रकारहरुबाट अदालतसँग सम्बन्धित बिभिन्न बिषयमा जानकारी जिज्ञासा राखेको र आगामी दिनमा गर्नुपर्ने काम कारवाही सम्बन्धमा समेत घनिभूत रुपमा छलफल गरिएको थियो।



## क्याम्पसका शिक्षक तथा विद्यार्थीहरुद्वारा अध्ययन अवलोकनः




मिति २०८२/०२/१३ गतेका दिन महेन्द्र बहुमुखी क्याम्पस, धरानको कानून संकाय अन्तर्गतका शिक्षकहरु तथा पाँच वर्षे बि.ए.एल.एल.वि.कार्यक्रमका विद्यार्थीहरुद्वारा यस इजलासको अध्ययन अवलोकन गरिएको छ।कानून संकायका शिक्षकहरुद्वय श्री गोविन्दमणि दाहाल र श्री दभियनप्रसाद राईको नेतृत्वमा आएको ४१ जना विद्यार्थीहरुको समूहले स्थलगत अवलोकन गर्दै अदालतको सबै शाखाहरुबाट हुने काम कारबाहीका सम्बन्धमा जिज्ञासा राखेकोमा यस इजलासका निमित्त रजिष्ट्रार श्री ललित कुमार वि.के.ले इजलासको मुद्दा

शाखा, दायरी शाखा, इजलास, इजलास अधिकृत कक्ष, अभिलेख शाखा लगायतका शाखाहरुबाट हुने काम कारवाहीका सम्बन्धमा विद्यार्थीहरुको समूहलाई जानकारी गराउनु भएको थियो।

## बार, बेञ्च र सरकारी वकीलबीचको अन्तरक्रिया



मिति २०८२।०२।२० गतेका दिन यस अदालतका माननीय न्यायाधीश श्री देशबहादुर सार्कीको अध्यक्षतामा बार,बेञ्च र सरकारी वकिलबीचको अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो।उच्च सरकारी वकिल कार्यालय धनकुटाका सहन्यायाधिवक्ता, उच्च अदालत बार एशोसिएसन धनकुटाका अध्यक्ष, जिल्ला अदालत बार एशोसिएसन धनकुटाका अध्यक्ष, बरिष्ठ अधिवक्ताहरु र अन्य कानून ब्यवसायीहरु एवम् यस अदालतका कर्मचारी समेतको उपस्थिति रहेको उक्त कार्यक्रममा अदालतको सेवा प्रवाह लगायतका बिभिन्न बिषयमा छलफल भएको थियो।अदालतबाट प्रवाह गरिने सेवा चुस्त, छिटोछरितो रुपमा भइरहेको र अगामी दिनमा अझ प्रभावकारी बनाउनका लागि सबै पक्षबाट सकारात्मक पहल गर्ने निर्णयसमेत गरियो।



## कर्मचारी बैठक सम्पन्नः



मिति २०८२/०२/२८ गतेका दिन यस इजलासका रजिष्ट्रार श्री राजकुमार दाहालज्यूको अध्यक्षतामा कर्मचारी बैठक सम्पन्न भएको छ।यस इजलासका अधिकृतहरु, राजपत्र अनंकित कर्मचारीहरु, कार्यालय सहयोगीहरु लगायत २४ जनाको उपस्थिति रहेको उक्त बैठकमा समसामयिक विषयका अतिरिक्त मूलतः अदालती काम कारवाहीलाई व्यवस्थित गर्न यस इजलासका सरोकारवाला सवै पक्षले आ-आफ्नो तोकिएको जिम्मेवारी समयमा इमान्दारीपूर्वक पूरा गर्ने, निजामती सेवा ऐन तथा नियमावलीले तोके बमोजिमको पदीय मर्यादा, आचारण र अनुशासनको अधीनमा रही निर्धारित समयमा उपस्थित हुने, अफिस समयमा काम विशेषले बाहिर जानु

# उच्च अदालत विराटनगर धनकुटा इजलास

पर्दा अनिवार्य रुपमा प्रशासनमा जानकारी गराई लगबुकमा जनाउने, अदालती तथा अन्य व्यवस्थापकीय पक्षलाई चुस्त दुरुस्त राख्ने निर्णय गर्दै बैठक सम्पन्न भयो।



## उच्च अदालत विराटनगर धनकुटा इजलास र मातहतका जिल्ला अदालतहरुको जेठ मसान्त सम्मको मुद्दाको  विवरण

| अदालत | लगत | | | | | | फछ्र्यौट | | | बाँकी | | | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जिम्मेवारी सरेको | देवानी | सरकारवादी फौजदारी | दुनियावादी फौजदारी | रिट, निवेदन पुनरावेदन | कुल जम्मा | अघिल्लो महिना सम्मको | यस महिनाको | जम्मा | १ वर्ष भित्रको | १ वर्ष नाघेको | जम्मा बाँकी | |
| उच्च अदालत बिराटनगर धनकुटा इजलास | ७३ | ४७ | २१४ | १३ | ४० | ३८७ | २८८ | ४३ | ३३१ | ६४ | ० | ५६ | ८५.५२% |
| धनकुटा जिल्ला अदालत | १५७ | ३८४ | ११५ | ४४ | ३ | ७०३ | ३९४ | ७२ | ४६६ | २०९ | २८ | २३७ | ६६.२८% |
| तेह्रथुम जिल्ला अदालत | १२८ | २१४ | ५५ | १५ | १ | ४१३ | २४३ | २९ | २७२ | ११६ | २५ | १४१ | ६५.८५% |
| भोजपुर जिल्ला अदालत | ११८ | २४५ | ७८ | १४ | ० | ४५५ | २१५ | ७१ | २८६ | १५८ | ११ | १६९ | ६२.८५% |
| संखुवासभा जिल्ला अदालत | १२५ | ३२३ | ७५ | २८ | ० | ५५१ | २९२ | ४९ | ३४१ | १७६ | ३४ | २१० | ६१.८८% |
| जम्मा | ६०१ | १२१३ | ५३७ | ११४ | ४४ | २५०९ | १४३२ | २६४ | १६९६ | ७२३ | ९८ | ८१३ | ६८.४७% |

# उच्च अदालत विराटनगर धनकुटा इजलास

## उच्च अदालत विराटनगर धनकुटा इजलसावाट मुद्दामा भएको मेलमिलापको अवस्था

| मेलमिलाप हुनसक्ने मुद्दाको संख्या | मेलमिलापमा पठाइएको मुद्दा संख्या | सफल | असफल | प्रकृयामा रहेको | सफल प्रतिशत |
|---|---|---|---|---|---|
| ८८ | ७० | २२ | ४४ | ४ | ३१.४२% |

# फैसलामा तपसिल खण्डको महत्व



*पूर्णेश्वरप्रसाद उपाध्याय*
*माननीय न्यायाधीश*
*उच्च अदालत विराटनगर धनकुटा इजलास*

## सामान्य पृष्ठभूमिः-

**अदालतमा विवाद अएपछि त्यसको कुनै न कुनै रुपमा अन्त्य हुनै पर्छ। त्यस मध्य न्यायाधीशको राय ठहर सहितको फैसला मार्फत विवादको कानूनी रुपमा अन्त्य हुन्छ। न्यायिक निकायहरुबाट भएका फैसलाहरु कानूनबमोजिम कार्यान्वयन पनि हुनुपर्छ। अन्यथा त्यो कागजको खोस्टोसरह हुनजान्छ । सामान्यत फैसला अन्तिम भएपश्चात कार्यान्वयनको प्रक्रिया सुरु गरिन्छ। फैसलाको प्रकृति र स्वरुपअनुसार यसको कार्यान्वयन पनि फरक फरक हुन सक्छन् । सामान्यत सुरु जिल्ला अदालतबाट फैसलाको कार्यान्वयन गरिन्छ। हरेक फैसलामा ठहर खण्डको आफनै विशेषता हुन्छ र सोही ठहर खण्डको आधारमा तपसिल खण्ड लेखे गरिन्छ। तपसिल खण्ड फैसला कार्यान्वयनमा सहजता ल्याउन लेखे गरिन्छ। जुनसुकै फैसलाको ठहर खण्ड र तपसिल खण्ड बाझिएमा ठहर खण्ड मान्य हुने भन्ने सर्वमान्य सिध्दान्त समेत रहेको छ ।**

**फैसला के हो?**

फैसला विवादको अन्तिम निष्कर्ष हो । Judgment Means the statement given by the judge on the ground of decree or order (karkara's Art of writing judgment) . A Court's Final determination of the right and obligation of parties in case ( Black's law Dictionary) वादी प्रतिवादीको दावी जिकीरलाई सबुद प्रमाणको मूल्यांकन र विश्लेषण गरी सक्षम निकायबाट कानून बमोजिम निकालिएको निष्कर्ष नै फैसला हो । यो सम्बद्ध पक्षलाई बन्धनकारी हुन्छ । फैसला भनेको न्यायिक निकायद्वारा आफू समक्ष आएको विवादको सम्बन्धमा प्रस्तुत गरिएका प्रमाणहरुको उचित मूल्याङ्कन गरी पक्षहरुबीच उत्पन्न विवादको अन्तिम निरुपण गर्नु पनि हो । आधिकारिक निकायबाट फैसला भएपश्चात् मात्र त्यसको कानूनी मान्यता हुन्छ। फैसलाले विवादको अन्त्य गर्दै विवादमा संलग्न व्यक्ति वा पक्षहरुलाई कानूनी उपचार प्रदान गर्दछ ।फैसलाले कसूर र कसूरदार ठहर गरी दोषीलाई सजाय

निर्धारण गर्दछ । यसले कानूनी एवं नागरिक हकको प्रचलन गराउँछ । फैसलाले कानूनको व्याख्याद्वारा कानूनमा रहेको रिक्तता एवं कमीलाइ पूरा गर्दै कानूनको विकासमा मद्दत गर्दछ ।यो कानून एवं करारीय दायित्व उल्लघंनकर्ताबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउने माध्यम पनि हो ।यसले देशमा कानूनको शासनको स्थापना गर्दछ ।यसले तेरो मेरव प्रश्नको प्रमाणको मूल्याङ्कनद्वारा न्यायिक मनको प्रयोग गरी विवादको सदाका लागि अन्त्य गर्दछ।

## फैसलाका प्रकार

हामीले पुस्तकहरुमा फैसलाका बिभिन्न प्रकारहरु पढ्न पाउँछौ ।त्यसमध्ये न्यायिक मनको प्रयोग गरी  न्यायाधीशको राय ठहर सहित गरेको फैसला नै महत्वपूर्ण फैसला हो ।त्यसमा न्यायाधीशले आफ्नो विवेक प्रयोग गरी कारणसहित आफ्नो राय व्यक्त गरेको हुन्छ ।मुख्य रुपमा अदालतमा न्यायाधीशले कुनै न कुनै रुपमा विवादको अन्त्य गरेका फैसलाहरु यस प्रकार रहेको पाइन्छ ।

**सामान्य** यो वास्तविक फैसला हो । मुलुकी देवानी कार्यविधी संहिता २०७४ को दफा १९७ र १९८ तथा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १३१।

**जाहेरी वा साधक** साधक भनेको कुनै काम गरेपछि सो को जानकारी गराउनु हो ।मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४५ मा यस्तो कानूनी व्यवस्था रहेको पाईन्छ ।

**खारेजी** मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा ४७ र १३१ को आधारमा १३२ बमोजिम तथा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ८६ को उपदफा ३ तथा कुनै प्रतिवादीको मृत्यू भएमा दफा १३३ बमोजिम खारेजी फैसला हुने गर्दछ।

**एकतर्फी** यो म्यादमा हाजिर नभएको अवस्थामा हुने गरेको फैसला हो । यस्तो फैसला भएको अवस्थामा मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा ११८ बमोजिम प्रतिउत्तर सरहको पुनरावेदन गर्न सकिन्छ । तर मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ मा प्रष्ट रुपमा यस्तो कानूनी व्यवस्था रहेको देखिँदैन ।

**डिसमिस** मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १४१ तथा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ८६ बमोजिम आफू सक्षम भएको मुद्दा वा विवादलाई डिसमिस गरिन्छ।यही नै डिसमिस फैसला हो।

**मिलापत्र** मुलुकी देवानी कार्यविधी संहिता २०७४ को दफा १९३ र १९४  तथा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ११७ र ११८ बमोजिम मिलापत्र हुने कानूनी व्यवस्था रहेको पाइन्छ। सीमित सरकारवादी मुनामा समेत मिलापत्र हुने नयाँ प्रावधान छ भने मेलमिलाप केन्द्रबाट भएका मिलापत्रमा अदालती शुल्क लाग्दैन।

**मुल्तवी** मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा २०१ तथा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ९७ र ९८ बमोजिम अदालत वा अन्य निकायमा रहेका मुद्दाहरु मुल्तवीमा राख्ने व्यवस्था रहेको पाइन्छ।

**तामेली आदेश** सामान्यतया रिटहरुमा तामेली आदेश गरिन्छ ।उच्च अदालत नियमावली २०७३ को नियम ५० मा यस्तो व्यवस्था रहेको पाईन्छ ।यो डिसमिस कै अवस्था हो ।

**फिर्ता** मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९६ र मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ११६क बमोजिमको दावी फिर्ताको अनुमति दिने कानूनी व्यवस्था रहेको पाइन्छ।

**फैसलाको प्रमुख भागहरुः-**

- **शीर व्यहोराः यसमा फैसला गर्ने अदालत, इजलासको किसिम निर्णयकर्ताको नाम मुद्दाको नाम, वादी प्रतिवादीको नाम, मुद्दा नम्बर तल्लो तहमा निर्णय गर्ने अधिकारीको नाम इत्यादि हुन्छ ।**
- **तथ्य खण्डः- यसमा वादी प्रतिवादीले पेश गरेका दावी जिकीरको संक्षेपमा उल्लेख गरिन्छ ।**
- **प्रमाण खण्डः- साक्षीहरुको बकपत्र, विशेषज्ञको बकपत्र, परीक्षण प्रतिवेदन, पेटबोलीमा बुझिएका मानिसहरुको बयान, मुलुकी देवानी संहिता २०७४ को दफा १२३, सद्दे कीर्तेका कुराहरु, (मुलुकी देवानी संहिता २०७४ को दफा १७२ १७३ को अवस्थाहरु) उल्लेख गर्ने।**
- **ठहर खण्डः- यसमा मुद्दाको तथ्य र सम्वद्ध कानूनको विश्लेषण गरी न्यायिक मनको प्रयोग गरी विवादको निरुपण गरिएको हुन्छ । यस खण्डमा निर्णयाधार उल्लेख गरिन्छ ।**
- **तपसील खण्डः- यो फैसलाको अन्तिम र कार्यान्वयन खण्ड हो । यसमा फैसलाको कार्यान्वयनलाई सहज पार्न तपसिल खण्ड लेखिन्छ । प्रस्तुत लेख यसै बिषयमा केन्द्रित रहनेछ ।**

**तपसील खण्ड के हो ?**

**तपसिल फैसलाको पाँचौ तथा अन्तिम भाग हो । फैसलाको तपसिल खण्ड भनेको फैसला कार्यान्वयनको मूल आधार हो त्यसैले यसलाई फैसलाको कार्यान्वयन भाग पनि भनिन्छ । यसले फैसलाको मूल मर्मको उजागर गर्दछ अर्थात फैसलाका बिभिन्न भागहरु कस- कसले, कहिले, कसरी कार्यान्वयन गर्ने हो यसमा उल्लेख हुन्छ । तपसिल खण्डले फैसला कार्यान्वयनका लागि सम्बन्धित निकायलाई दिशा निर्देश पनि गर्दछ । यसले फैसला कार्यान्वयनलाई सहजता प्रदान गर्दछ । प्रभाकारी फैसला कार्यान्वयनको लागि उपयुक्त एवम् तथ्यपरक तपसिल खण्डले महत्वपूर्ण भूमिका खेल्छ। त्यसैले तपसिल खण्डलाई ठहर खण्डको ऐना पनि भनिन्छ । कुनै पनि फैसलाको ठहर खण्ड सारवान भाग हो भनै तपसिल खण्ड कार्यविधिगत भाग हो । जुनसुकै फैसलामा न्यायाधीशले उदघोष गरेको ठहरलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न उपयुक्त तपसिल खण्डले महत्वपूर्ण भूमिका खेल्छ ।तपसिल खण्ड फैसलाको कार्यान्वयन**

खण्ड हो। यो भनेको फैसला कहिले सम्म, कसरी कुन निकायले कार्यान्वयन गर्ने भन्ने सम्बन्धमा निर्णयकर्ताले दिने आदेश पनि हो। यो फैसलाको स्वतन्त्र भाग होइन। ठहर खण्डको आधारमा निकालिएको कार्यान्वयन खण्ड हो। कहिले पनि ठहर खण्ड बीनाको तपसील खण्ड हुँदैन । मिलापत्र, तामेली, डिसमिस फैसलामा सामान्यत तपसील खण्ड हुँदैन । सबै मुद्दाको तजवीजि फैसलामा ठहर खण्ड हुन्छ तर सबै फैसलामा तपसिल खण्ड हुँदैन। फैसला लेख्दा ठहर खण्ड र तपसिल खण्ड बाझिने गरी फैसला लेख्नु हुँदैन। यस्तो हुन गएमा ठहर खण्ड नै मान्य हुन्छ । (ने.का.प.२०४६, नि.नं ३९८७, पृष्ठ ११२० । तपसील खण्ड फैसला कार्यान्वयन गर्न सरल र सहज होस भन्नका लागि लेख्ने गरिन्छ । शुरु सदर भएको पुनरावेदन तहको मुद्दामा र रिट निवेदनमा तपसील खण्ड प्राय: लेखिँदैन । शुरु जिल्ला अदालतको फैसला र पुनरावेदन तहमा उल्टी भएका मुद्दामा तपसील खण्ड विस्तृत रुपमा लेख्ने गरिन्छ । कर्यान्वयनयोग्य हरेक कुराहरुलाई फैसलामा ठहरबमोजिमको तपसिल हुनु राम्रो हुन्छ । त्यसो हुँदा कहिलेकाहिँ रिट निवेदनहरुको समेत तपसिल खण्ड हुन जरुरी हुन्छ ।

तपसिल खण्डमा उल्लेख गर्नु पर्ने प्रमुख विषयहरुः-

तपसील खण्डमा उल्लेख गर्नुपर्ने विषय मुद्दाको किसिम, प्रकृति, ठहर खण्ड, फैसला गर्ने अदालत र दावी जीकिर आदिमा भर पर्दछ । एउटै मुद्दामा पनि फैसला गर्ने अदालतको तह, फैसलाको किसिम, ठहरको प्रकृति (दावी पुग्ने नपुग्ने) अनुसार तपसिल खण्ड फरक-फरक हुन सक्छ । त्यस्तै दुनियावादी देवानी र फौज्दारी मुद्दाको फैसालाको एवम् सरकारवादी देवानी र फौज्दारी मुद्दाको फैसलाको तथा रिट निवेदनको अन्तिम आदेशको तपसिल खण्डको प्रकृति अलग अलग हुन सक्छ । त्यसरी नै जुनसुकै मुद्दामा पुनरावेदन तहमा भएको सुरु सदर उल्टी केही उल्टी फैसलाहरुको तपसिल खण्ड सोही फैसलाको फरक फरक मर्मअनुसार हुनसक्छ ।

## तपसिल खण्डमा उल्लेख हुने मुख्य विषयहरु

### दुनियावादी देवानी मुद्दामा

- अदालती दस्तुर, पुनरावेदन दस्तुर, फैसला कार्यान्वयन गर्दाको दस्तुरको विषय।
- देवानी मुद्दामा सामान्यत अदालती शुल्क, दुनिया वादी फौजदारी मुद्दामा फिराद दस्तुर वा पुनरावेदन दस्तुर अदालतले लिन बाँकी भए नभएको वा वादीबाट वा प्रतिवादीबाट वादीलाई भराई दिन पर्नेमा अङ्क किटान गरी उल्लेख गर्ने।
- शुरु अदालतबाट विगो दावी भएको लेनदेन आदि मुद्दामा वादी दावी ठहर भएको खण्डमा तपसिल खण्डमा तिर्न पर्ने साँवा व्याज समेतको विगो रकम, थप व्याजको अदालती शुल्क।
- बिगो, भराई दिने, बण्डा छुट्याई दिने चलन चलाई दिने विषय ।

- बिगो भरी पाउने ठहरेको पक्षलाई कहिले सम्ममा कुन प्रकृयाले कसले बिगो भराई दिने हो सो को समयावधि बिगो रकम, व्याज लाग्नेमा व्याज समेत जोडी उल्लेख गर्ने चलन चलाई दिन पर्नेमा सो सम्पत्तिको विवरण, समयावधि प्रकृया, कसले चलन चलाई दिने हो सो समेत उल्लेख गर्ने ।
- अंश बण्डा तथा अन्य कुनै सम्पत्ति छुट्याइ पाउने वा चलन पाउने ठहरेकोमा छुट्याई पाउने समयावधि, सम्पत्तिको हिस्सा, प्रकृया, छुट्याउने निकायको उल्लेख गर्ने ।
- माना चामल वा अरु बिगो कसले कति भरिदिनु पर्ने हो सो कुरा खुलाउने।
- विगो वा क्षतिपूर्ति भराउने हो भने सो र घरजग्गा, बाटो निकाश इत्यादि चलन चलाउनु पर्ने भए त्यसको अंक र प्रकृति स्पष्ट उल्लेख गर्ने, वण्डा वा जग्गा टुक्याउँदा नरम गरम गरी गर्नु भन्ने।
- जग्गा खिचोला मुद्दामा के कति क्षेत्रफल कता तर्फबाट खिचोला भई चलन चलाई दिनुपर्ने हो सो कुरा प्रस्टसँग उल्लेख गर्ने।
- जग्गा रोक्का, बाली रोक्का, फुकुवा गर्ने जस्ता अन्तरकालिन वा अन्तरिम आदेश सम्बन्धी विषय ः
- जग्गा रोक्का, बाली रोक्का, बैंक खाता रोक्का रहेकोमा फुकुवा गर्न पर्ने, नपर्ने विषय, अन्तरिम आदेश भएकोमा सो कायम रहने वा नरहने विषय ।
- दा.खा दर्ता, रजिष्ट्रेसन जनाउ सम्बन्धी विषय स्पष्ट पार्ने।
- फैसला बमोजिम अचल सम्पत्ति हक हस्तान्तरण हुनेमा दा.खा., दर्ता, नामसारी गर्नु पर्ने भए जग्गाको कि.नं., क्षेत्रफल, दर्ता गरिदिन' पर्ने व्यक्तिको नाम, समयावधि, दस्तुर लाग्ने/नलाग्ने उल्लेख गर्ने ।
- लिलाम वा फिर्ता गर्नुपर्ने विषयमा सो कुरा स्पष्ट पार्ने।
- मुद्दामा पेश भएका जिन्सी सामान, मालवस्तु फिर्ता गर्नु पर्ने, जफत वा लिलाम गर्नु पर्ने भए सो कुरा स्पष्ट पार्ने।
- देवानी तर्फका अन्य विविध विषयहरु
- फैसलाबमोजिम गरिदिनुपर्ने कुराका सम्बन्धमा फैसलाको प्रतिलिपि साथै राखी तहसिल शाखामा लगत दिनुपर्ने सम्बन्धमा उल्लेख गर्ने (दे.का.संहिता, २०७४ को दफा २२९)
- बादी रूजु हाजिर रहेको अवस्थामा तहसिल शाखामा तारेख तोकी पठाउने (दे.का.सं, २०७४ को दफा २३५)
- बादीले मुद्दा जितेको अवस्थामा अदालती शुल्क भराउने सम्बन्धमा (दे.का.सं, २०७४ दफा ८३)
- बादीले मुद्दा हारेको अवस्थामा अदालती शुल्क जफत गर्ने विषय (दे.का.सं., २०७४ को दफा ८१)
- अदालती शुल्क पछि लिनेगरी सुविधा प्राप्त गरेको अवस्थामा बादी दाबी पुग्नेगरी फैसला भएकोमा प्रतिबादीबाट अदालती शुल्क असूल गर्ने विषय (दे.का.सं,२०७४ को दफा ८३ को उपदफा ३)
- अदालती शुल्क पछि लिनेगरी सुविधा प्राप्त गरेको अवस्थामा बादी दाबी नपुग्ने गरी फैसला भएकोमा बादीबाट अदालती शुल्क असूल गर्न विषय (दे.का.सं., २०७४ को दफा ८३ को उपदफा ५)

- सुरु म्याद गुजारी एकतर्फी फैसला भएको अवस्थामा पत्रिकामा सूचना प्रकाशन गर्ने (ऐ.दफा १९७ को उपदफा ५)
- लेनदेन मुद्दामा बादी दाबी पुगेकोमा फैसलादेखि विगो भरिभराउ सम्मको अवधिको ब्याजको अदालती शुल्क लिने सम्बन्धमा।
- रोक्का सम्पत्ति फुकुवा, जफत फिर्ता के गर्ने सो सम्वन्धमा।

सरकारवादी फौजदारी मुद्दामा

कैद जरिवानाको विषयः-

- कैद सजाय भएकोमा असूल भएको कैद, भुक्तान गर्नु पर्ने बाँकी कैद र कैद भुक्तान हुने समय खुलाउने ।
- जरिवाना भएकोमा धरौट जमानत राखेको भए सोबाट नभए वा त्यसबाट नपुगे अन्य जेथाबाट असूल गर्ने भन्ने विषयका तथा मुलुकी फौज्दारी कार्यविधि संहिता,२०७४ को दफा १५५ अनुसार कैदमा नबस्नु पर्ने भए सो कुरा ।
- जरिवाना वापत कैद गर्नु पर्दा सो कुरा, साविक मुलुकी ऐनको अ.बं. १८८ नं वा हालको मुलुकी फौज्दारी कार्यविधि संहिता,२०७४ दफा १४५ (१क) एवं फौजदारी (सजाय निर्धारण तथा कार्यान्वयन ऐन २०७४ को दफा (१७क) बमोजिम राय लगाएको र साधक जाहेर गर्नु पर्ने भए सो कुरा ।
- प्रतिवादी अन्य जिल्लाको भए सोही जिल्लामा कैद जरिवानाको लगत पठाउने विषयमा।
- फरार प्रतिवादीको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६५ को उपदफा १ को खण्ड ख बमोजिम अंश रोक्का गरी फरारको लगत राख्ने र सो को जानकारी प्रहरीलाई दिने विषय।
- कैद स्थगन, मिनाहा वा कैद वापत रकम बुझाउने ठहर भएमा सो कुरा ।
- धरौट जमानत फिर्ता, फुकुवा वा जफत गर्नुपर्ने कुरा।
- कैद जरिवाना लागेको मानिस मरेमा, माफ हुने कुरा (मु.फौ.का.सं को दफा१५८)
- जरीवाना वापत क्षतिपूर्ति दिने ठहरेकोमा कैद हुने मानिस मरेमासो मुद्दा खारेज भएको भए सो विषय (मु.फौ.का.सं को दफा १३३)
- कैद, जरिवाना वा बिगोको लगत कस्नु भन्ने कुरा।
- प्रतिवादी थुनामा रहेको भए सो कुरा र छुटी जाने भए कहिले छुटी जाने हो सो कुरा।
- धेरै प्रतिवादीहरु भई कसैको हकमा मुल्तवी राख्ने हो भने सो कुरा (मु.फौ.का.सं. को दफा ९८)
- धरौट जमानतको कुरा र त्यस्ता प्रतिवादीले तारेख गुजारेको भए जफतको कुरा सफाई पाएको छ भने फुकुवाको कुरा।
- जरिवाना जनही वा दामासाही के हुने हो सो कुरा।

- दशीको सामान फिर्ता वा जफत के हुने सो कुरा
- महान्यायाधिवक्ता वा सरकारी वकिल कार्यालय मार्फत फैसला कार्यान्वयनलाई लेखी पठाउनु पर्नेमा सो उल्लेख गर्ने ।
- बालबालिकालाई सजाय स्थगन, कम सजाय गर्ने विषय भए सो उल्लेख गर्ने ।

पुनरावेदन वा जनाउ सम्बन्धी विषयः

- पुनरावेदनको म्याद दिन पर्ने भए पुनरावेदन लाग्ने अदालत, समय वा राय किताबमा सही गरेको वा फैसला सुनी पाएको भए सो कुरा र सुरु म्याद गुजारेकोमा पुनरावेदनको म्याद नदिई फैसलाको जानकारी दिने विषय।
- फैसलाको जनाउ दिने भए सो कुरा।
- दायरीको लगत काट्ने, नक्कल दिने, मिसिल बुझाउने कुरा।
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ बमोजिम फैसलाको सूचना तथा नक्कल दिने कुरा।
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३५ बमोजिम फैसला गर्ने अदालत वा कैदमा रहेको व्यक्तिले कारागार मार्फत् पुनरावेदन गर्नसक्ने कुरा।
- पुनरावेदनको कुरा (मु.फौ.का.सं को दफा १३४)

  विशेष-
- उपस्थित पक्षहरुलाई पुनरावेदनको म्याद दिन नपर्ने कानूनी व्यवस्था रहेको अवस्थामा समेत प्रचलित कानूनी व्यवस्थाको मर्मअनुसार जुनसुकै अवस्थाका पक्षहरुलाई फैसलाको जानकारी सम्म दिनुनै उपयुक्त देखिन्छ । सुरु जिल्ला अदालतबाट पक्षलाई फैसलाको जानकारी नदिएको कारणले पुनरावेदन तहमा व्यवहारिक तथा कानूनी अड्चन आउने रहेछ ।तसर्थ पुनरावेदनको म्याद दिनुनपर्ने अवस्थाको पक्षलाइ फैसला भएको सूचना दिनु भनी तपसिल खण्डमा उल्लेख हुनु नै उपयुक्त हुने देखिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४, देवानी कार्यविधि संहिता, २०७४ को २०५ तथा सर्वोच्च अदालतबाट फैसला भएको (ने.का.प. २०७९, अं. ७, नि.नं १०९११) को फैसला समेतको आधारमा मनन गर्दा समेत फैसलाको औपचारिक जानकारी नपाएको जुनसुकै अवस्थाको पक्षलाई फैसलाको सूचना दिनु उपयुक्त हुने देखिन्छ।

## पुनरावेदन तहमा तपसिल खण्डः

- पुनरावेदन तहमा समेत सुरु तह भन्दा अलिक फरक किसिमको तपसिल खण्ड भएपनि मूल आधार भनेको ठहर खण्ड नै हुन्छ ।पुनरावेदन तहमा सुरुले गरेको फैसला के भयो सोहीबमोजिम तपसिल खण्ड लेख्नुपर्ने हुन्छ ।
- सुरु तहबाट भएको फैसला सदर भए सोहीबमोजिम।

- सुरु तहबाट भएको फैसला उल्टी वा केही उल्टी भए सोहीबमोजिम।
- सुरु अदालत वा निकायबाट भएको फैसलामा भएको परिवर्तनबमोजिम।
- सुरु अदालत वा निकायमा राखेको दस्तुर जरिवानाको लगत क्षतिपूर्ति कैदको लगत के गर्ने सो कुरा
- अदालती शुल्कको सुविधा लिई पुनरावेदन गरेको भए कोबाट असूल गर्ने सो कुरा र सुविधा लिई मुद्दा दर्ता गरेको भए हारेमा वादीबाट असूल गर्ने र जितेका प्रतिवादीबाट लिने विषय।
- धरौटी जफत फिर्ता के हुने सो कुरा।
- अदालती शूल्क जफत फिर्ता के गर्ने सो प्रष्ट गर्ने।
- रोक्का रहेका जग्गा फुकुवा सम्बन्धमा।
- फैसला परिवर्तन भएको कुरामा सोहीबमोजिम (खासगरी सरकारवादी फौजदारीबाट दुनियावादी फौजदारी मु.फौ.का.सं. को दफा ४२ )
- तारिखमा नबसी पुनरावेदन गरेको भए फैसलाको जानकारी दिने कुरा।
- दायरीको लगत कट्टा सम्बन्धमा।
- सुरु तथा प्रमाण मिसिल फिर्ता।
- फैसला कार्यान्वयनका लागि तारेख तोकी पक्षलाई सुरुमा पठाउने सम्वन्धमा।
- तारेखमा नभए फैसला कार्यान्वयनको लागि १५ दिने सूचना दिने कुरा।
- अंश मुद्दाको फैसलामा भएको सम्पत्तिको परिवर्तन भएको भए सोहीबमोजिम।
- दण्ड जरिवाना धरौट राखेको विवरण फिर्ता जफत के हुने सो कुरा।
- साधक भए सो व्यहोरा र थुनुवालाई फैसलाको जानकारी दिने कुरा।
- सफाई पाएकोमा सुरु लगत कट्टा र कारागार मुक्तको जानकारी।
- सुरु फैसला केही उल्टी भएको भए सोबमोजिमको लगत संशोधन गर्ने कुरा।
- पुनरावेदन गर्न जाने विषय।
- फैसलाको जानकारी दिने विषय।
- झिकाइएको पक्षलाई फैसलाको जानकारी दिने कुरा।

अन्त्यमा

समाजमा बोलिचालीमा तपसिलको कुरा भनी तपसिल भन्ने शब्दलाई कम आँक्ने गरिएपनि वास्तवमा फैसलामा तपसिल खण्डको साह्रै महत्वपूर्ण भूमिका हुँदोरहेछ । फैसला सुन हो भने तपसिल खण्ड सुगन्ध हो । त्यसैले तपसिल खण्ड बिनाको फैसला नुन बिनाको तरकारी, अमिलो बिनाको अचार र गुलियो बिनाको मिठाई हो भन्न सकिन्छ । जुनसुकै फैसलाको तपसिल खण्डको कार्यान्वयनबाट नै त्यो फैसलाले सर्थकता पाउँछ । तपसिल खण्डको

कार्यान्वयनबाट फैसला जीवन्त बन्छ ।तथपि ठहर खण्ड वा इन्साफ खण्ड नै वास्तविक फैसला हो भन्ने कुरामा द्वीविधा हुनु हुँदैन। तपसिल खण्ड भनेको फैसलालाई कार्यान्वयन गर्न सजिलो होस भनी राखिएको व्यवस्था मात्र हो । त्यसैकारण फैसलाको इन्साफ वा ठहर खण्ड बेगर यसको छुट्टै अस्तित्व हुँदैन । त्यसैले भनिन्छ तपसील खण्ड वेगरको फैसला हुन सक्छ तर ठहर खण्ड वेगरको फैसलाको कल्पना पनि हुन सक्दैन । यद्यपि फैसला कार्यान्वयन अधिकारी र तहसिलदारलाई फैसला कार्यान्वयनको सिलसिलामा प्रभावकारी एवम् पूर्ण रुपमा बोलिएका तपसिल खण्डले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।त्यसैले यसलाई फैसलाको प्राणवायुको रुपमा लिइएको हुन्छ ।

## सन्दर्भ सामाग्री


मुलुकी देवानी कार्यविधि संहिता, २०७४

मुलुकी फौजदारी कर्यविधि संहिता, २०७४

कार्यविधि कनूनको रुपरेखा बीसौं संस्करण २०७६ ज्ञाइन्द्रबहादुर श्रेष्ठ।

# प्रदेश सरकारको उपल्ब्धि, आवश्यकता र औचित्यता



*उज्वल कार्की*
*डिठ्ठा*
*धनकुटा जिल्ला अदालत*

## विषय प्रवेशः

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तह सहित सहकारीतामूलक संघीयता अपनाएको छ । प्रादेशिक संरचना नेपालका लागि नयाँ अभ्यास हो । संघीयताको अबलम्बनसँगै सरकारप्रति जनतामा अपेक्षा बढिरहेका छन् । तीन तहको सम्बन्ध सेतुको रूपमा रहने प्रादेशिक संरचनाको कामकारबाहीले नै संघीयताको भविष्य निर्धारण गर्छ । संघीयता मुलुकलाई बोझ भएको एवं संघीय प्रणालीहरुमा सुशासनको अवस्था कमजोर रहेको जस्ता टिप्पणीबीच संघीयता बचाउने मुख्य जिम्मेवारी ७ प्रदेश सरकारको काँधमा रहेको छ। सात वर्षको समयावधिमा प्रदेश सरकारले हासिल गरेका अनुभवबाट पाठ सिकेर प्रदेश सरकारको भूमिकालाई मजबुद बनाउन तीन सरकारका साथै प्रदेशहरुवीच समन्वय र सहकार्य गर्दै संघीयताका वित्तीय, प्रशासनिक र राजनीतिक आयामको सवलीकरण गर्न प्रदेश सरकार क्रियाशील रहनु पर्दछ।

## प्रदेश सरकारका उपलब्धिः

संवैधानिक मूल्यमान्यता एवं प्रचलित कानूनबमोजिम तीन तहको अन्तरसम्बन्धका सिद्धान्तलाई आत्मसात गरी प्रदेश सरकारले नागरिक सामु लोकतन्त्र र सुशासनको जगलाई स्थापित गरेर आफूलाई परिपक्व बनाउँदै लगेका छन् । ७ वटै प्रदेशहरुले संघीय आवधिक योजनासँग सम्बन्ध स्थापित

गरी आफ्नो प्रदेशको सर्वोत्तम हितका लागि योजना, नीति निर्माण, र कार्यान्वयनमा अग्रसर छन्।

कोशी प्रदेशले म अघि बढ्छु; मधेशले मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ अभियान; बागमतीले एक विद्यालय एक नर्स कार्यक्रम; गण्डकीले उज्यालो प्रदेश एवं नमूना विद्यालय निर्माण; लुम्बिनीले विद्यालयमा एक दिन कक्षाकोठामा एक दिन; कर्णालीले अर्गानिक अभियान एवं शिक्षा लक्षित कार्यक्रम सञ्चालन र सुदूरपश्चिमले सानै छु म बढ्न देऊ, बाल विवाह होइन पढ्न देऊ जस्ता अभियानहरु संचालन गरेका छन् ।

पूर्वाधार विकास निर्माणका कार्यक्रम व्यवस्थापनमा सुधारका प्रयास भएका छन् । नागरिकसँग अन्तरक्रिया गर्ने, गुनासो सुन्ने र सम्बोधन गर्ने प्रणालीको विकास भएको छ।

प्रदेश र स्थानीय सेवा व्यवस्थापनका लागि प्रदेश लोक सेवा आयोग गठन गर्नुका साथै कर्मचारी समायोजन गरी सेवा प्रवाहको व्यवस्था गरेको छ । तर, संघीय निजामती सेवा ऐन खिचडीको रुपमा रहेको हुँदा कर्मचारीहरुको असन्तोष रहेको छ।

संघीयताकै कारण समानता, समावेशीता र सहभागितामूलक प्रतिनिधित्व एवं जनसहभागिताको सुनिश्चितता छ। हरेक निकायमा कम्तीमा एकतिहाई महिला प्रतिनिधित्व रहेको छ। केन्द्रबाट प्रदान हुँदै आएका सेवाहरु सन्निकटताको सिद्धान्त अनुरुप प्रदेश सरकार र स्थानीय सरकारबाट हुँदै आएका छन् ।

पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि लगायत पूर्वाधार विकासमा परिवर्तन आएको छ। स्थानीय स्रोत साधनको परिचालन मार्फत साझेदारीमा आधारित

विकासमार्फत दिगो आर्थिक बृद्धि र विकास हासिल गर्ने अवसर प्रदेश सरकारलाई सिर्जना भएको छ ।

कोशी प्रदेशको सन्दर्भमा प्रदेश सरकारको स्थापनापछि शासन प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक कानून निर्माण र संशोधन गरिनुका साथै विषयगत कार्यक्षेत्र निर्धारण गर्दै कार्य विभाजनलाई स्पष्ट पारिएको छ। समावेशीता, जनसहभागिता, पारदर्शिता र जवाफदेहितालाई प्राथमिकतामा राखी योजना तथा कार्यक्रमहरू संचालन गरिएका छन् । पूर्वाधार स्वास्थ्य, शिक्षा, खानेपानीजस्ता क्षेत्रहरूमा बहुआयामिक सेवा प्रवाह गर्दै नागरिकले सरकारको अनुभूति गर्न सक्ने वातावरण सिर्जना गरेको छ। सरोकारवालासँग सहकार्य तथा समन्वय गर्दै प्रदेश सरकारले नीति निर्माणदेखि कार्यान्वयनसम्मको प्रक्रियामा समन्वित ढंगले आफ्नो भूमिका निर्वाह गरेको छ।

**<u>प्रदेश सरकारको आवश्यकता:</u>**

हाम्रो सन्दर्भमा सरकारलाई जनताको निकट पुऱ्याउन, सत्ता साझेदारी गर्न, सामाजिक र क्षेत्रीय विविधताको व्यवस्थापन एवं एकता कायम गर्न गर्न प्रदेश सरकारको व्यवस्था गरिएको हो । राज्यमा सबै वर्गको स्वामित्व बोध गर्न, राजनीतिक सहभागिता र विकास गर्न एवं स्थानीय साधन स्रोतको अधिकतम परिचालन भई मुलुक विकास र समृद्धिको यात्रातर्फ द्रूत गतिमा अघि बढाउन प्रदेश सरकारको आवश्यकता छ । संघीयता लागू भएपश्चात विकासमा तीव्रता आएको छ र विकासका साझेदारहरू पनि प्रदेश सरकारसँग समन्वय गरेर काम गर्न थालेका छन्। बुँदागत रुपमा प्रदेश सरकारका आवश्यकता निम्नानुसार रहेका छन्-

- कृषि, उद्योग र सेवा क्षेत्रमा लगानीको वातावरण तयार गरी प्रविधिमैत्री उत्पादन तथा उत्पादकत्त्व वृद्धिमार्फत् सम्पन्न नागरिक र समुन्नत प्रदेश निर्माण गर्न,
- नेतृत्वको विकास गर्दै शासन पद्धतिलाई सुदृढ गरी प्रदेश र स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न,
- प्रदेश सरकाले संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गरी शासन, विकास निर्माण र सेवा प्रवाह गर्न एवं स्रोत साधनको अधिकतम परिचालनमार्फत उच्च आर्थिक वृद्धि हासिल गर्न,
- प्रदेशका भौतिक तथा सामाजिक पूर्वाधारको उच्चतम उपयोग गरी समृद्धि हासिल गर्न,
- प्रदेशमा सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रको सेवा प्रवाह नागरिकमैत्री बनाई नागरिकमा शान्ति, सुरक्षा तथा सुशासनको अनुभूति गर्न सक्ने वातावरण बनाउन,
- लोकतन्त्रका लाभहरूको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरूप शासन प्रणालीलाई सुदृढीकरण गर्न,
- शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा लगायतका सामाजिक विकासका क्षेत्रमा लगानी अभिवृद्धि गरी सामाजिक न्याय कायम गर्न,
- तीन तहबीचको सहकार्य, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न,

– साझेदारीमा आधारित विकास आयोजना परियोजना निर्माण र संचालनमार्फत राष्ट्रिय रुपमा समृद्धि हासिल गर्न,

**प्रदेश सरकारको औचित्यः**

प्रदेश सरकारले विकास, समृद्धि र सुशासनका क्षेत्रमा अपेक्षित गति लिन सकेको छैन । हाम्रो शासन व्यवस्था नराम्रो होइन, व्यवस्थापन गर्ने व्यक्तिमा नै कमजोरी रहेको जनताले बुझ्न थालेका छन् । म.ले.प. ६२ औं प्रतिवेदनले प्रदेश मन्त्रालय तथा निकायतर्फ बेरुजु १.३६% रहेको देखाएको छ, जसले प्रदेशमा आर्थिक अनुशासनमा कमजोरी भएको देखाएको छ। यसमा राजनीतिक नेतृत्व र कर्मचारीहरुले नै जिम्मेवारी वहन गर्नैपर्छ, अरुलाई गलत देखाएर पानी माथिको ओभानो हुन मिल्दैन।

संविधानले प्रदेश सरकार संघीयताको मियोको रुपमा परिकल्पना गरेको छ तर व्यवहारमा संघीय सरकारले प्रदेश सरकारलाई साझेदार होइन, प्रतिस्पर्धीको रूपमा लिएको देखिन्छ। दिने भनिएका अधिकारहरूको प्रभावकारी हस्तान्तरण नभएपछि प्रदेश सरकारहरू अपेक्षित रूपमा सबल हुन सकेका छैनन् । अर्कोतिर प्रदेशमा केन्द्रकै पुरानो अभ्यास देखा परी संघीयताको मर्म छाडेर सरकार बनाउने र भत्काउने पुरानै रोग बल्झिएको छ।

संघीय निकायका प्रतिनिधि र कर्मचारीमा प्रदेशप्रति सङ्कि‍र्ण मानसिकता रहनुले संघ—प्रदेश सम्बन्धमा अविश्वास बढाएको छ। प्रदेशले यो कसरी गर्न सक्छ भन्ने संस्थागत शंका र व्यवहारले प्रदेश सरकारको कार्यक्षमता झन् कमजोर बनाएको छ। एउटै कामका लागि तीन तहका कार्यालय चाहानुपर्ने अवस्थाले जनतामा प्रदेश सरकारप्रति विश्वास संकट उत्पन्न भएको छ।

तीन तहको कूल खर्चमा प्रदेश तहको खर्च ९.८% मात्र छ (स्रोतः आर्थिक सर्वेक्षण)। प्रदेश सरकार केन्द्रीय सरकारको मुख ताकेर बस्नाले वित्तीय संघीयता पेचिलो विषय बन्न पुगेको छ ।

विकासको लागि एकता, समन्वय र सहकार्य अपरिहार्य हुन्छ। प्रदेश सरकारहरू आफ्नै प्रशासनिक र राजनीतिक संरचनामा अल्झिँदा सेवा प्रवाहमा स्पष्ट परिणाम देखिएको छैन। एउटा प्रदेशको समस्या साझा मान्न नसक्ने, अन्तर-प्रादेशिक समन्वयको अभावले प्रदेश सरकारहरू पृथक र निष्क्रिय जस्ता देखिएका छन्।

**अबको बाटोः**

प्रदेश सरकारले आफ्नो अस्तित्व स्थापित गर्न जनसंलग्नता बढाउँदै, नीति संवाद, अधिकार अभ्यास र समन्वययुक्त शासनमा प्राथमिकता दिनु जरुरी छ । मानव संसाधन योजनासहित कर्मचारीको सेवाशर्त सुनिश्चितता र कार्यसंस्कृति सुधार प्रदेश सरकारको दीर्घकालीन क्षमताको आधार हो। संघीय सरकारले कन्जुस्याई छाडेर, प्रदेशलाई पथप्रदर्शकको रूपमा व्यवहार गर्दै अधिकार हस्तान्तरणमा उदार हुनु आवश्यक छ। प्रदेश सरकारले सुशासन, समृद्धि र सेवा प्रभावकारितामार्फत जनविश्वास पुनःस्थापना गर्नुपर्छ। यसका लागि समयसापेक्ष ऐन संशोधन, दोहोरो कार्यक्षेत्रको अन्त्य, र वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन अनिवार्य छ। नीति, कानून र कार्यान्वयनबीच संरचनात्मक तादात्म्यता बिना प्रदेश सरकार बलियो बन्न सक्दैन। यसलाई ध्यान दिएमा मात्र मात्र समृद्ध नेपाल, सुखी नेपाली विकासको भिजन बोकेको सरकारको यात्राले सार्थकता पाउनेछ।

## सन्दर्भ सामाग्री

संघीय संसद हाते पुस्तिका ।

आर्थिक सर्वेक्षण. *नेपाल सरकार, अर्थ मन्त्रालय,* काठमाडौं ।

नेपालको संविधान ।

प्रदेश सरकार र संघीय सरकारद्वारा प्रकाशन गरिएका प्रतिवेदन ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ।

६२औं वार्षिक प्रतिवेदन. *महालेखा परीक्षकको कार्यालय,* काठमाडौंः नेपाल सरकार ।

ज्ञवाली, हरि, प्रदेश सरकारको औचित्यमा प्रश्न. *Onlinekhabar.com*

थारु, डा. खुशी प्रसाद, नेपालको संघीय प्रणाली. *पराग ।*

देवकोटा, खिमलाल, प्रदेश सरकारका ७ वर्ष र सफलताका सर्त. *Ekantipur.com*

बोगटी, दुर्लभकुमार, "प्रदेश सरकारको औचित्य." *Sajhabisaunee.com*

शाही, मनोजरत्न, र केशव गुरुङ, काम गरेर प्रदेश सरकारको औचित्य स्थापित गर्नुपर्छ. *Gorkhapatraonline.com*

शिवाकोटी, मदनप्रसाद, "प्रदेश सरकारको औचित्य र यसको भविष्य." *Ratopati.com*

हाडा, गम्भीर बहादुर, "प्रदेश सरकारको वर्तमान स्थिति र सुधारका उपायहरू." *Aarthikdainik.com*

**"गणतन्त्र दिवस २०८२" को अवसरमा आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेशद्वारा आयोजित "प्रदेश सरकारको उपलब्धि, आवश्यकता र औचित्यता" शीर्षकको खुला निबन्ध प्रतियोगितामा प्रथम स्थान प्राप्त गरेको**

# उच्च अदालत विराटनगर धनकुटा इजलास

## यस इजलास र मातहत जिल्ला अदालतहरुमा कार्यरत माननीय न्यायाधीशज्यूहरु, रजिष्ट्रारज्यू, स्रेस्तेदारज्यूहरु, तहसिलदार ,वैतनिक वकिल तथा सूचना अधिकारीज्यूहरुको विवरणः

| (क) उच्च अदालत विराटनगर धनकुटा इजलास | | | |
|---|---|---|---|
| क्र.सं. | पद | नाम/थर | सम्पर्क नं. |
| १ | मुख्य भई काम गर्ने माननीय न्यायाधीश | श्री गणेशप्रसाद बराल | ०२६-५२२१७३ (च्याम्बर)<br>०२६-५२२५७१ (आवास) |
| २ | माननीय न्यायाधीश | श्री देशबहादुर सार्की | ०२६-५२२४७३ (आवास) |
| ३ | माननीय न्यायाधीश | श्री पूर्णेश्वरप्रसाद उपाध्याय | ०२६-५२२१६१ (आवास) |
| ४ | रजिष्ट्रार | श्री राजकुमार दाहाल | ०२६-५२३४८४,<br>९८५२०६१३७७ |
| ५ | इजलास अधिकृत/सूचना अधिकारी | श्री ललित कुमार वि.के. | ९८५२०६१८६६ |
| ६ | वैतनिक वकिल | श्री ठाकुरप्रसाद बराल | ९८४२१५६७७७ |
| (ख) तेह्रथुम जिल्ला अदालत, म्याङ्लुङ् | | | |
| १ | माननीय जिल्ला न्यायाधीश | श्री भीमबहादुर निरौला | ०२६-४६०७३८ |
| २ | स्रेस्तेदार | श्री ऋतु राई | ०२६-४६०१९५,९८५२०६०५३८ |
| ३ | तहसिलदार | श्री शिव बुढाथोकी | ९८५१३०२०७७ |
| ४ | वैतनिक वकिल | श्री नारायण प्रसाद लुईंटेल | ९८४२५९८६७६ |
| (ग) धनकुटा जिल्ला अदालत, धनकुटा | | | |
| १ | माननीय जिल्ला न्यायाधीश | श्री नारायणप्रसाद पराजुली | ०२६-५२२४८७ |
| २ | स्रेस्तेदार | श्री उज्वल न्यौपाने | ०२६-५२२१२८,९८४२०४५८८६ |
| ३ | तहसिलदार/सूचना अधिकारी | श्री यामकुमार खड्का | ९८५१३०२६७७ |
| ४ | वैतनिक वकिल | श्री रामबहादुर अधिकारी | ९८४२११७८६६ |
| (घ) | भोजपुर जिल्ला अदालत, भोजपुर | | |
| १ | माननीय जिल्ला न्यायाधीश | श्री तिर्थराज के.सी. | ०२९-४२०७११ |
| २ | स्रेस्तेदार | श्री मोहन घिमिरे | ०२९-४२०१९५,९८४२०७२५१२ |
| ३ | तहसिलदार | श्री प्रकाश राई | ९८४१७०१५५४ |
| ४ | वैतनिक वकिल | श्री भिषण श्रेष्ठ | ९८५२०७२६६६ |
| (ङ) संखुवासभा जिल्ला अदालत, चैनपुर | | | |
| १ | माननीय जिल्ला न्यायाधीश | श्री ध्रुवराज त्रिपाठी | ०२९-५७०१९६ |
| २ | स्रेस्तेदार | श्री भरतमणी पोखरेल | ०२९-५७०१९५,९८५२०५१३६६ |
| ३ | तहसिलदार | श्री नविन कोइराला | ९८५१३०१२७७ |
| ४ | वैतनिक वकिल | श्री राधिका शर्मा | ९८४२१०३८७६ |